दुहुँ गाउँपालिका

दुहुँ राजपत्र

खण्ड - १ संख्या - ७ मितिः २०७५।०९।११

**भाग - २**

| | |
|---|---|
| सभाबाट स्वीकृत मिति | २०७५।०९।०४ |

**कक्षा कोठामा शिक्षक, विद्यालयमा अभिभावक कार्यक्रम कार्यान्वयन निर्देशिका २०७४**

प्रस्तावना

दुहुँ गाउँपालिका भित्र स्थापित सम्पूर्ण सामुदायिक विद्यालयहरुको सिकाइ उपलब्धी गुणात्मक रुपमा अगाडि बढाउने प्रयोजनका लागि शिक्षक, अभिभावक तथा सरोकारवाहरुलाई विद्यार्थिको पठनपाठनमा थप जवाफदेही तथा जिम्मेवार बनाउनका लागि कक्षा कोठामा शिक्षक र विद्यालयमा अभिभावक कार्यक्रम लागू गरिएको छ । सो कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै यस दुहुँ गाउँपालिका भित्र स्थापित सार्वजनिक विद्यालयहरुको गुणस्तरसुधार गर्न कक्षाकोठामा शिक्षक विद्यालयमा अभिभावक कार्यक्रम कार्यान्वयन कार्यविधि २०७४ तर्जुमा गरी लागू गरिएको छ ।

परिच्छेद १

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यस कार्यविधिको नाम **कक्षा कोठामा शिक्षक, विद्यालयमा अभिभावक** कार्यक्रम कार्यान्वयन निर्देशिका २०७४ रहेको छ ।

(ख) यो कार्यविधि गाउँकार्यपालिकाले पारित गरेकै मिति देखि लागू हुनेछ ।

**२. परिभाषा**

(क) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारको अनुदान प्राप्त गर्ने गरी अनुमति र स्वीकृती प्राप्त दुहुँ गाउँपालिका क्षेत्रका विद्यालय सम्झनुपर्छ ।

(ख) "अभिभावक" भन्नाले सामुदायिक विद्यालयमा भर्ना भएका विद्यार्थीका आमा बुवा वा संरक्षक व्यक्तिलाई सम्झनुपर्छ ।

(ग) "शिक्षक" भन्नाले सामुदायिक विद्यालयमा नियमानुसार नियुक्त शिक्षकलाई सम्झनुपर्दछ ।

(घ) "प्रस्तावित विलालय" भन्नाले नेपाल सरकारबाट अनुमति प्राप्त गरेको तर स्वीकृती प्राप्त नगरेको विद्यालय वा विद्यालयको कुनै तहलाई सम्झनुपर्दछ ।

(ङ) "प्रस्तावि विद्यालय गुणस्तर सहजकर्ता" भन्नाले प्रस्तावित‍ि विद्यालयका अंग्रेजी, गणित र विज्ञान विषयको सिकाई उपलब्धी बढाउन तत् तत् विषयको गुणस्तर विकासमा सहयोग गर्ने कार्यकर्ता सम्झनु पर्दछ ।

(च) "छात्रवृत्ति" भन्नाले दुहुँ गाउँपालिकाबाट प्राविधिक विद्यालयमा अध्ययनरत छात्र/छात्राहरु तथा सामुदायिक विद्यालयहरुमा अध्ययनरत आमा बुवा मध्ये एक वा दुवै नभएका विलार्थिहरुलाई उपलब्ध गराइने आर्थिक वा अन्य सहयोग सम्झनुपर्छ ।

(छ) "SEE तयारी कक्षा" भन्नाले SEE मा सहभागी हुने विद्यार्थिहरुलाई नियमिति पठनपाठन बाहेक अंग्रेजी, गणित र विज्ञान विषयका अतिरिक्त पठनपाठनलनई सम्झिनुपर्दछ ।

**३. कार्यविधिको उद्देश्य**

(क) शिक्षक तथा अभिभावकहरुलाई विद्यालय शिक्षा प्रति थप जवाफदेही बनाउने ।

(ख) निजी श्रोतबाट संचालित प्रस्तावित सार्वजनिक विद्यालयहरुको अंग्रेजी गणित र विज्ञान विषयको सिकाइ उपलब्धी बढाउने ।

(ग) प्राविधिक शिक्षामा पहुँच बढाउने ।

(घ) SEE मा अंग्रेजी, गणित र विज्ञान विषयको GPA वृद्धि गर्ने ।

परिच्छेद २

**४. अभिमुखीकरण कार्यक्रमहरु**

(क) शैक्षिक शत्र सुरु भएको एक महिना भित्र गाउँपालिकाको शिक्षा शाखाले सबै सार्वजनिक विलालयहरुमा प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुलाई कार्यक्रमको बारेमा अभिमुखीकरण गर्नुपर्नेछ ।

(ख) अभिमुखीकरण कार्यक्रम सम्पन्न गरी प्रत्येक विद्यालयलाई कक्षा कोठामा शिक्षक विद्यालयमा अभिभावक कार्यक्रम कार्यान्वयनको कार्ययोजना बनाउन लगाउनुपर्नेछ ।

**५. प्रतिबद्धता कार्यक्रम**

(क) विद्यालयको कार्ययोजना अनुसार विद्यालयले शैक्षिक शत्र प्रारम्भ भएको एक महिना भित्र अभिभावक, शिक्षक, विद्यार्थी, शिक्षा शाखा प्रतिनिधि र गाउँपालिका प्रतिनिधिहरुको सामूहिक भेला आयोजना गर्नुपर्नेछ।

(ख) सामूहिक भेलामा शिक्षक, अभिभावक र सरोकारवाला पक्षहरुको लिखित प्रतिबद्धता गराउनुपर्नेछ ।

(ग) प्रत्येक विद्यालयमा लिखित रुपमा गरिएका प्रतिबद्धताहरु गाउँपालिकाले लिपिबद्ध गरी छाप्ने व्यवस्था मिलाई सबैले देख्ने ठाउमा टाँस गर्नुपर्नेछ ।

**६. प्रस्तावित विद्यालयको गणित, विज्ञान र अंग्रेजी सिकाइ सुनिश्चितता**

(क) प्रस्ताविति विद्यालयको विद्यालय व्यवस्थापन समितिले अंग्रेजी, गणित र विज्ञान विषयको सिकाइ सुनिश्चतता गर्न सम्बन्धित तहको शिक्षणका लागि न्यूनतम शैक्षिक योग्यता पुगेको व्यक्तिबाट सिकाइ विकास प्रस्ताव लिनुपर्नेछ ।

(ख) प्राप्त प्रस्तावको आधारमा सम्बन्धित व्यक्ति र विद्यालयले सम्बन्धित वडाको वडाध्यक्षको रोहवरमा बार्षिक सम्झौता भरी सो व्यक्तिलाई विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार गुणस्तर सुधारको सहजकार्ताको रुपमा नियुक्त गर्नुपर्नेछ।

(ग) सहजकर्ताले विद्यालयको गुणस्तर विकासका लागि प्रस्तावमा उल्लेख भए बमोजिम र विद्यालयले तोके बमोजिम कार्यक्रम संचालन गरी विद्यालयमा मासिक प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(घ) विद्यालयको सिफारिस तथा सहजकर्ताको प्रतिवेदनका आधारमा गाउँपालिकाले प्रोत्साहन बापत देहाय बमोजिमको रकम भूक्तानी गर्नेछ ।

माध्यामिक स्तरको मासिक रु १६०००

निम्न माध्यामिक स्तर (कक्षा १-८) को मासिक रु १२०००

कक्षा १-५ को मासिक रु १००००

(ङ) सहजकर्ताले प्रस्ताव बमोजिम कार्यक्रम नगरेमा वा कार्यसम्पादन सन्तोषजनक नभएमा विद्यालयको सिफारिसमा गाउँपालिकाले जुनसुकै बेला भूक्तानी रोक्न सक्नेछ ।

**७. छात्रवृत्ति कार्यक्रम**

(क) कृषि प्राविधिक विलालयमा अध्ययनरत विद्यार्थीहरुलाई गाउँपालिकाले प्रतिविद्यार्थी ...... का दरले एकमुष्ट छात्रवृत्ति उपलब्ध गराउनेछ । ।

(ख) बुवा आमा दुवै नभएको वा एक नभएका सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई गाउपालिकाले ............का दरले छात्रवृत्ति प्रदान गर्नेछ ।

**८. SEE तयारी कक्षा संचालन**

(क) शैक्षिक शत्रको माघ तथा फाल्गुण महिनामा सबै माध्यामिक विद्यालयहरुले कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुका लागि अंग्रेजी गणित र विज्ञान विषयको थप तयारी कक्षा संचालन गर्नुपर्नेछ ।

(ख) सो तयारी कक्षा संचालन गरेबापत विद्यालय वा शिक्षले विद्यार्थीबाट कुनै शुल्क लिनेछैन ।कक्षासंचालनको

विद्यार्थीतथा शिक्षकको हाजिरी उतार गरी प्रधानाध्यापकबाट प्रमाणित गरी गाउँपालिकामा पेश भएपश्चात गाउपालिकाबाट प्रतिविद्यालय रु १०००० भूक्तानी हुनेछ ।

आज्ञाले,

राजेन्द्रबहादुर सिंह

निमित्त प्रमुख प्रशासकीय अधिकृत